अमरगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. : ०९६-४१०२२२

e-mail: ito.amargadhimun@gmail.com

website: amargadhimun.gov.np


प.स. : ०७७/०७८

च.नं. :

**शुभकामना**

हामी स्वतन्त्र देशका स्वाधीन नागरिक हौँ। संविधान निर्माणसँगै हाम्रो भावी राजनीतिक, सामाजिक एवम् आर्थिक संरचनाको रुपरेखा हामी आफैँले तयार पार्ने गरी लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशीता सहितको उपलब्धिलाई संस्थागत गर्दै जाने क्रममा,

नेपालको संविधानले मौलिक हकअन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतीको हकको व्यवस्था गरेको छ। यस अन्तर्गत नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक सुनिश्चित गरिएको छ।

हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवम् भौगोलिक विविधतायुक्त रहेको छ। विकेन्द्रित शासन प्रणाली (शासनका बहुकेन्द्र) सँगै स्थानीय पाठ्यक्रम शैक्षिक विकेन्द्रीकरणको एउटा महत्त्वपूर्ण पक्ष हो। स्थानीय पाठ्यक्रमको विकास स्थानीय आवश्यकताहरूको सम्बोधन गर्न र शैक्षिक विकेन्द्रीकरण प्रक्रियालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने महत्त्वपूर्ण साधनका रुपमा रहेको छ भन्ने कुरामा विश्वस्त छु।

अमरगढी नगरपालिकाको स्थानीय पहिचानको विशिष्टता उजागर हुने गरी तयार पारिएको "हाम्रो अमरगढी" ले यहाँको स्रोत, सम्पदा, सभ्यता, संस्कार, संस्कृती, ऐतिहासिक कला, मौलिकता, प्रविधिप्रति स्थानीयलाई परिचित गर्दै यसको सम्बर्द्धन र थप विकासमा लाग्ने असल नागरिक निर्माणमा महत्त्वपूर्ण सावित हुनेछ। अमरगढी नगरपालिकाका विद्यालयहरूमा कक्षा १ देखि ५ सम्म लागु हुने प्रस्तुत पाठ्यक्रम निर्माणमा संलग्न स्थानीय पाठ्यक्रम निर्माण समितिका सबै सदस्यहरू र अन्य सबै महानुभावहरूप्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु। पाठ्यक्रमको कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा राख्दै सफल अभ्यासको लागि शुभकामना प्रकट गर्दछु।

वि.सं. २०७७, असार

**विश्वेश्वरप्रसाद ओझा**

**नगर प्रमुख**